# अनुगमन प्रतिवेदन

| |
|---|
| परियोजनाको नाम: स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम<br>अनुगमन गरिएको समूह: वडा नागरिक मंच/नागरिक संचेतना केन्द्र<br>अनुगमन गर्ने:<br>• घोराही नगरपालिका<br>• सहयोग समाज नेपाल<br>• स्थानीय शासन तथा उत्तरदायी संयन्त्र<br>अनुगमन टोली<br>• कृष्णप्रसाद सापकोटा (कार्यकारी अधिकृत)<br>• प्रेम के.सी. ( सूचना अधिकारी)<br>• सुदीप गौतम (पत्रकार महासंघ)<br>• स्मृति भण्डारी ( कार्यक्रम अधिकृत)<br>• खोपिराम चौधरी ( सहयोग समाज नेपाल)<br>• भुपेन्द्र प्रकाश वली (स्थानीय शासन तथा उत्तरदायी संयन्त्र)<br><br>स्थान: १-११ वडा |
| अनुगमन गरिएको मिति:<br>• २०७३/०९/२६ देखि २०७३/१०/१३ सम्म |

**१) परिचय:**

स्थानीय निकायमा सामाजिक परिचालनको माध्यमबाट विपन्न तथा विकासको मूल प्रवाहबाट पछाडी परेका नागरिकहरुलाई उनीहरुको काम कर्तव्य, तथा हक, अधिकारका वारेमा चेतनशील गराई मुलुकको विद्यमान सम्पूर्ण आर्थीक सामाजिक संरचनालाई विकासको मुलधारमा ल्याउन र नागरिकको आवाज एबं मागलाई सम्वोधन गर्दै सेवा प्रवाहसमुदायमा आधारित निकायहरु समेतको सहकार्यमा स्थानीय स्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्दै वडा नागरिक मंच र नागरिक संचेतना केन्द्र गठन गरिएको छ |

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम नगरपालिका स्तरको अनुगमन तथा सुपरिवेक्षण समितिले निरन्तर रुपमा वडा नगरिक मंच र नागरिक संचेतना केन्द्रको कार्यहरुको अनुगमन गर्नु पर्ने रहेको छ | घोराही नगरपालिकामा जम्मा ११ वटा वडा नागरिक मंच र १६ वटा नागरिक संचेतना केन्द्र रहेका छन् | सबै वडा नागरिक मंच र नागरिक संचेतना केन्द्रको बस्तु स्थितिको जानकारीको लागि अनुगमन गरिएको छ |

**२) उदेश्य:**

- कार्यकारी अधिकृतलाई वडाको वस्तु स्थिति बारेमा जानकारी गराउने |
- वडा नागरिक मंच र नागरिक संचेतना केन्द्रले गर्दै आएका गतिबिधिबारे जानकारी लिने |
- स्थानीयले भोगेका समस्याहरु र गुनासोबारेमा जानकारी लिने |

**३) अनुगमनको प्रबिधि:**

वडा नागरिक मंच र नागरिक संचेतना केन्द्रको कार्यलाई प्रभावकारी गराउने र उनीहरुलाई प्रोत्साहन गर्ने हेतुले अनुगमन कार्यक्रम गरिएको हो | घोराही नगरपालिकाको कार्यकारी अधिकृत सहित १ जना प्रतिनिधि, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत कार्यक्रम अधिकृत, सेवा प्रदायक संस्थाबाट १ जना , स्थानीय शासन तथा उत्तरदायी संयन्त्र १ जना, संचारकर्मी १ जना, सामाजिक परिचालक १ जना गरेर जम्मा ६ जनाको समूह अनुगमनको लागि सहभागी भएको थियो| अनुगमन वडा नागरिक मंच र नागरिक संचेतना केन्द्रको सदस्यबाट वस्तु स्थिति बारे जानकारी गराई प्रत्यक्ष रुपमा अन्तर्क्रिया तथा छलफल गरियो |

**४) वडा नागरिक मंच र नागरिक संचेतना केन्द्रको संक्षिप्त विवरण**

| क्र.स. | वडा नं | जम्मा सदस्य संख्या | | वडा नागरिक मंचका संयोजकको नाम, थर | लिंग | | ०७२/०७३मा मंचको कुल वैठक संख्या | वडा नागरिक मन्चमा २५% सदस्य प्रतिस्थापन भए नभएको | वनामले LLP, civic oversight तालिम प्राप्त गर्नेको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | म | पु | | म | पु | | | |
| १ | १ | १३ | १४ | जयभोला परियार | | पु | २३ | भएको | ३ |
| २ | २ | ११ | १६ | नारायण प्रशाद पोखेल | | पु | १५ | भएको | ५ |
| ३ | ३ | १३ | १४ | द्रोपदा न्यौपाने | म | | १४ | भएको | ५ |
| ४ | ४ | १४ | १३ | सुष्मा घिमिरे | म | | १५ | भएको | ३ |
| ५ | ५ | १४ | १३ | दामोदर भुषाल | | पु | १३ | भएको | ५ |
| ६ | ६ | ११ | १६ | धर्म हमाल | | पु | १५ | भएको | ५ |
| ७ | ७ | १४ | १३ | दिलकुमारी घर्ती | म | | १३ | भएको | ५ |
| ८ | ८ | १५ | १२ | केसरा पोखेल | म | | १६ | भएको | ३ |
| ९ | ९ | १६ | ११ | शान्ती चौधरी | म | | २२ | भएको | ३ |
| १० | १० | १४ | १२ | शक्तिराम डाँगी | | पु | १८ | भएको | ३ |
| ११ | ११ | १४ | १३ | धना जि.सि. | म | | १६ | भएको | ३ |

| क्र. स. | ना.स.के. भएको वडा नं र वस्तीको नाम | नागरिक संचेतना केन्द्रको नाम | जम्मा सदस्य संख्या | | ना.स.के. संयोजकको नाम , थर | लिङ्ग | | नासकेमा संचालन भएको ReFLECT शेसन संख्या | नासके सहकारी तथा वित्तीय संस्थासंग आवद्ध भए नभएको । भएको भए खुलाउने |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | म | पु | | म | पु | | |
| १ | खिरटिया,१ | जीवन ज्योति ना.स.के. घोराही, | २२ | २ | सरस्वती श्रेष्ठ | म | | २३ | नभएको |
| २ | पचुर्खा,२ | घो.न.पा ना.स.के. पचुर्खा, दांग | २७ | ३ | बम बहादुर वादी | | पु | १२१ | नभएको |
| ३ | गैंरा गाउँ,२ | गनारी ना.स.के., घोराही | २५ | २ | ठाकुर प्रशाद चौधरी | | पु | १५ | नभएको |
| ४ | कटही,३ | कटही ना.स.के. | २५ | ० | सुमित्रा थापामगर | म | | २४ | नभएको |
| ५ | बेलभार,३ | धोव्य ना.स.के. | ३० | ० | खुस्मानी चौधरी | म | | ३० | नभएको |
| ६ | चौधरी टोल,४ | घो.न.पा. ना.स.के.,चौधरी टोल | ३० | ० | विस्नी कुमालनी | म | | २४ | नभएको |
| ७ | रामनगर टोल,५ | रामनगर ढुंगे धारा ना.स.के. | २३ | २ | बिमला दमाई | म | | ५२ | नभएको |
| ५ | सुंघुरे,५ | सुंघुरे ना.स.के | ३० | ० | मीना कुमारी बूढा | म | | १५ | नभएको |
| ९ | ढोडेनी,६ | ढोडेनी ना.स.के. | ३० | ० | ज्ञानी विश्वकर्मा | म | | ४२ | नभएको |
| १० | मसिना टोल,६ | मसिना ना.स.के. | २४ | ० | सिर्जना नेपाली | म | | २७ | नभएको |
| ११ | मौलाकोट,७ | मौलाकोट ना.स.के. | १९ | ३ | नन्दकली घर्ती | म | | ४३ | नभएको |
| १२ | लम्मीडाँडा,७ | लम्मीडाँडा ना.स.के. | ३० | ० | रेखा बि.क. | म | | २५ | नभएको |
| १३ | चंखेरी, ८ | चंखेरी ना.स.के. | १५ | १५ | हिरा घर्ती | म | | २५ | नभएको |
| १४ | अग्रहवा डाँडा, ९ | अग्रहवा ना.स.के. | २३ | २ | सीता बि. क. | म | | २८ | नभएको |
| १५ | ट्राफिक चोक, १० | खोलीगाउँ ना.स.के. | २८ | २ | गोमा चौधरी | म | | २२ | नभएको |
| १६ | सृजनसिल टोल, ११ | सृजनसील ना.स.के. | ३० | ० | रेणु नेपाली | म | | ३७ | नभएको |

**५) अनुगमनमा गरिएका वडागत क्रियाकलाप:**

**५.१) वडा नं १:**

- वडा नागरिक मंच र जीवनज्योति नागरिक संचेतना केन्द्रले गरेका गतिविधि बारे जानकारी'
- उमाशंकरनाथ बाल अस्पतालको अवस्था बारे जानकारी
- प्रा .वि . स्यानी अम्बापुर बिद्यालयको अवलोकन

❖ **जीवनज्योति नागरिक संचेतना केन्द्रको सदस्य सम्झना चौधरी ना.स.के.को विवरण बारे जानकारी गराउँदै|**

  - ➢ जीवनज्योति नागरिक संचेतना केन्द्र जाने सडकमा ह्युमपाइपको आवश्यकता |
  - ➢ जीवनज्योति ना.स.के.लाई आय-आर्जन तथा प्रौढ कक्षाको आवश्यकता |



वडा नं १ स्थित वडा नागरिक मंच र नागरिक संचेतना केन्द्रसंग भेटघाट

**५.२) वडा नं २:**

- पचुर्खा नागरिक संचेतना केन्द्रले जीविकोपार्जन सुधारका लागि गरिरहेको तरकारी खेती बारे जानकारी लिईएको
- पचुर्खा ना.स.के.ले जीविकोपार्जन सुधारका लागि प्रतिव्यक्ति मासिक 20 रुपियाँ र अन्य प्रयास बाट जम्मा १ लाख बराबरको घुम्ती कोष संचालन गरेको पाईयो |

❖ **पचुर्खा नागरिक संचेतना केन्द्र र वडा नागरिक मंचको गतिबिधि बारे जानकारी दिंदै सहभागी**

  - ➢ खानेपानीको व्यवस्थापनका लागी कर्जाहीमा मूलको संरक्षण गर्नुपर्ने देखिन्छ |
  - ➢ पोल मात्रै गाडिएको स्थानमा बिजुलीको तार जडान गरिनुपर्ने |
  - ➢ प्रा.वि. कर्जाहीमा  सौर्य बत्ती जडान गर्नुपर्ने |
  - ➢ पानीका मूलहरुलाई स्थानीय भन्दा पनि अन्य स्थानका मानिसले प्रयोग गरिरहेकाले स्थानीयलाई खानेपानी र सिंचाईको समस्या |



वडा नं. २ स्थित पचुर्खा ना. स. के. संग अन्तरक्रिया गर्दै

**५.३) वडा नं ३:**

- कटही नागरिक संचेतना केन्द्रको गतिविधिबारे जानकारी
- ढिकपुर कृत्रिम जलाशयको अवलोकन तथा त्यसले पुराएको फाइदा, समस्या र सम्भावना बारे स्थानीयसंग छलफल |

❖ **कटही नागरिक संचेतना केन्द्र र वडाको सल्हाकारले वडा बारे जानकारी दिंदै**

- ➢ स्थानीयको आन्तरिक विवादका करण सर्रा खानेपानी आयोजनाको काम अघि बढ्न नसकेको
- ➢ धनिवगिया कृत्रिम जलाशय निर्माण आवश्यक
- ➢ विद्युत ट्रान्समिटर जडानका लागि नगरपालिका र बिद्युत कार्यालयबीच समन्वय गरिनु पर्ने |
- ➢ कटही नागरिक संचेतना केन्द्रमा खानेपानीको लागि कुवाको आवश्यकता |
- ➢ बिद्यालय जाने उमेर समुहका बालबालिकाहरु बिचमै बिद्यालय छोड्ने समस्या



वडा नं ३ स्थित कटही नागरिक संचेतना केन्द्र संगको भेटघाट कार्यक्रममा आफ्ना कुरा राख्दै सुनिता चौधरी|

**५.४) वडा नं ४:**

- वडा नागरिक मंच र चौधरी टोल नागरिक संचेतना केन्द्रसंग छलफल
- जनप्रिय टोल स्थित बाटो तथा नालाको अवस्थाको अवलोकन

❖ **वडा नागरिक मंच र बेलभार नागरिक संचेतना केन्द्रको आवश्यकताबारे प्रष्ट पार्दै सहभागी**

➢ चक्रपथ निर्माणको कार्य अगाडी नबढेकोले नगरबासीलाई जग्गा भोग चलनमा समस्या |

➢ बेलभार नागरिक संचेतना केन्द्रमा फोहर फाल्ने टोकरीको आवश्यक |

**५.५) वडा नं ५:**

- घोरदौरा गाउँको विकास निर्माणको अवस्थाको अनुगमन
- घोरदौरा प्रा.वि.को अवलोकन
- वडा नागरिक मंच र सुंघुरे नागरिक संचेतना केन्द्रको सदस्यसंग छलफल
- बेलघारी कृत्रिम जलाशयको अनुगमन

❖ **वडा नागरिक मंच, कृत्रिम जलाशय संरक्षण समिति र सुंगुरे नागरिक संचेतना केन्द्रको जानकारी गराउंदै सहभागी**

➢ घोरदौरमा बिद्युत, खानेपानी र बाटोको समस्या रहेको |

➢ बेलघारी कृत्रिम जलाशयमा तारबारको आवश्यकता



**सुंगुरे नागरिक संचेतना केन्द्रका सदस्यहरु**

**५.६) वडा नं ६:**

- वडा नागरिक मंचले गर्दै आएका कामकाज बारे जानकारी लिईयो |
- पूर्ण सरसफाईका सूचकयुक्त १५ सय स्टिकर बाँडियो |
- स्टिकर वितरणको जिम्मेवारी स्वास्थ्य स्वयं सेविकाहरुलाई दिईयो |
- बाल कल्ब र नागरिक संचेतना केन्द्रका गतिबिधि बारे जानकारी लइयो |

❖ **वडा नागरिक मंच, खानेपानी सरसफाई तथा स्वच्छता समिति र नागरिक संचेतना केन्द्रबारे प्रष्ट पार्दै मिनराज गौतम**

  ➢ वडालाई पूर्ण सरसफाई घोषणा गर्ने क्रियाकलाप अगाडी बढाउन आग्रह
  ➢ स्वास्थ्य स्वयं सेविकाको कमी



खानेपानी सरसफाई तथा स्वच्छता समितिका अध्यक्षलाई पूर्ण सरसफाईको सूचक अंकित स्टिकर प्रदान गर्दै घो.न.पा.का कार्यकारी अधिकृत कृष्णप्रसाद सापकोटा र सामाजिक विकास अधिकृत सुबोध रेग्मी |

**५.७) वडा नं ७:**

- वडा नागरिक मंच र नागरिक संचेतना केन्द्रको क्रियाकलाप बारे जानकारी
- खानेपानी व्यस्थापन कार्यक्रम मौलाकोटको अनुगमन

❖ **वडा नागरिक मंच र नागरिक संचेतना केन्द्र, बाल कल्बका अध्यक्ष पन्चमाया गिरीले वडा बारे प्रष्ट पार्दै**

➢ तुरुन्तपुरमा खेलमैदान निर्माणार्थ जग्गा संरक्षण गरिएकाले स्थानीयद्वारा नगरपालिकासंग सहयोगको अपेक्षा |

➢ मौलाकोटवासीद्वारा विद्युत जडान तथा कृत्रिम जलाशयको माग



वडा नागरिक मंच र उपल्लो मौलाकोट नागरिक संचेतना केन्द्रसंग छलफल गर्दै

**५.८) वडा नं ८:**

- चंखेरी नागरिक संचेतना केन्द्रका गतिविधि बारे जानकारी लिईयो |
- ज्यामिरे दहको अवलोकन गरियो |

❖ **वडा नागरिक मंच र नागरिक संचेतना केन्द्र बारे जानकारी दिंदै सहभागी |**

➢ ८ नं वडामा कुनैपनि स्थानमा सडक पिच नगरिएको |

➢ ८ नं वडामा बिजुलीको व्यवस्था नभएको |



वडा नं १० स्थित नयाँ बसपार्कमा वडा नागरिक मंच, टोल विकास संस्था संग छलफल

**५.९) वडा नं ९:**

- अग्रवा डाँडा नागरिक संचेतना केन्द्र जाने बाटोमा कल्भर्ट नहुँदा समस्या |
- फोहोरमैला व्यवस्थापनका लागि रकम वृद्धि गर्न माग |
- ल्यान्डफिल साईटमा वर्गीकरण गरि फोहोर छुटाउनुपर्नेमा त्यसो नगरिएको पाईयो |

❖ **वडा नागरिक मंच, नागरिक संचेतना केन्द्र, फोहरमैला व्यवस्थापन समिति र टोल विकास संस्था कार्यक्रममा आफ्ना कुरा राख्दै**

   - ➢ फोहरमैला व्यवस्थापनका लागि स्थानीयको सक्रिय सहभागीता रहेपनि व्यवस्थापनका विविध पक्ष बारे जानकारी नरहेको पाइयो |
   - ➢ ल्याण्डफिल साइटमा वर्गीकरण गरि फोहर छुट्याउने नगरेको पाईयो |
   - ➢ अग्रवा डाँडा नागरिक संचेतना केन्द्र जाने बाटोमा कल्भर्टको आवश्यकता |




टोल विकास संस्थालाई प्रोत्साहन कार्यक्रम

**५.१०) वडा नं १०:**

- नयाँ बसपार्कको पूर्ण सरसफाईका लागि भईरहेका प्रयास बारे वडा नागरिक मंच संग जानकारी लिईएको |
- नयाँ बसपार्कको सरसफाईका लागि वडा नागरिक मंचले व्यहोर्ने गरि २ जना परिचालन गरेको पाईयो |
- स्वोर्गद्वारी टोलमा ट्र्याक खोल्नका लागि प्राविधिकको आवस्यकता परेकाले नगरपालिकाले जिल्ला नापी कार्यालयमा पत्राचार गरिदिन स्थानीयले आग्रह गरेका छन |

❖ **वडा नागरिक मंच, खोलीगाउँ नागरिक संचेतना केन्द्र, टोल विकास संस्था वडाका गतिविधिबारे जानकारी दिंदै**

   ➢ नागरिक संचेतना केन्द्रलाई वैठक बस्नकोलागि भवनको आवश्यकता |
   ➢ वडा नं १०मा स्वर्गद्वारी टोलमा ट्र्याक खोल्नका लागि नगरपालिकाले जिल्ला नापी कार्यालय पत्राचार गरिदिने



नयां बसपार्कमा वडा नागरिक मंच, टोल विकास संस्था संग छलफल

**५.११) वडा नं ११:**

- सृजनशील नागरिक संचेतना केन्द्र र वडा नागरिक मंचको गतिविधि बारे जानकारी

❖ **वडा नागरिक मंच र नागरिक संचेतना केन्द्रले आफ्ना कुरा राख्दै**

   ➢ सृजनशील ना. स. के.को लागि भवनको आवश्यकता |




**६) सिकाई:**

- फोहरमैला व्यवस्थापनमा स्थानीयको सक्रिय सहभागिता रहेको पाईयो |
- फोहोरमैला व्यवस्थापनका विविध आयाम बारे स्थानीयलाई तालिम, अवलोकन, भ्रमणको आवश्यकता रहेको देखियो |
- पानीका मूलहरुलाई स्थानीयको स्वामित्व बढाउन नगरपालिकाले समन्वय र सहयोग गर्नुपर्ने |
- नगरबासीलाई बिजुलीको व्यवस्थाका लागि सरोकारवाला निकायसंग नगरपालिकाले पहल गर्नुपर्ने |
- वडाको विकासमा योगदान पुर्याईरहेका व्यक्तिहरुलाई प्रोत्साहन गर्न सम्मान तथा कदरपत्र व्यवस्था गर्नुपर्ने |
- सोलार बत्तिको लगातार अनुगमन गर्नुपर्ने |
- विकास निर्माणका क्रियाकलाप सहर केन्द्रित भएको भन्दै स्थानीयको गुनासो रहेको पाईयो |
- नागरिक संचेतना केन्द्रको सदस्यहरुको लागि आय- आर्जन, शिपमुलक, क्षमता अभिवृद्धि सम्वन्धि तालिम तथा गोष्ठीहरुको आवश्यकता |
- कृत्रिम जलाशयहरुको निर्माण गरिएता पनि स्थानीयले अपेक्षित फाइदा लिन नसकेको देखिन्छ |
- विकास निर्माणका क्रियाकलापलाई प्रभावकारी बनाउन अन्य सरकारी कार्यालयसगको समन्वय लाई थप मजबुत बनाउनु पर्ने देखिन्छ
- टुक्रे योजनाका कारण परिमाणात्मक र गुणात्मक दुवै तर्फ विकासक क्रियाकलाप प्रभाबकारी हुन सकेका छैनन् |

**७) निष्कर्ष :**

अन्तमा, नगरपालिकाको विकासका लागी नगरमा क्रियाशील वडा नागरिक मंच , नागरिक सचेतना केन्द लगायतका स्थानीय संघसंस्थाको क्रियाशीलता उदाहरणीय रहेको देखिन्छ । सामाजिक परिचालनका माध्यमबाट नगरवासीले आआफनो क्षेत्रमा विकास निर्मा-ण, फोहरमैला व्यवस्थापन, वातावरणीय संरक्षण, पर्यटन प्रवद्र्धन लगायतका कार्यलाई प्रभावकारी बनाउन सक्दो प्रयास गर्दै आएका छन । जीवनस्तर सुधारका लागि नागरिक संचेतना केन्द्रले सामुहिक रुपमा आयआर्जनका कामहरुलाई अगाडी बढाएको र यसलाई निरन्तरताका साथै व्यवसायिक रुप दिन आवश्यक देखिन्छ | यद्यपी अझै पनि नगरलाई समयानुकुल विकास गर्न नगरपालिका लगायत अन्य सरोकारवाला निकायको थप परिश्रमको आवश्यक्ता रहेको देखिन्छ । मुख्य गरी नगरमा हाल खानेपानी , बिजुली, सडकको स्तरोन्नती तथा मर्मतसुधार, गरिब तथा उत्पीडित क्षेत्र र समुदायका लागी आयआर्जन , शिपविकास, तथा क्षमता अभिवृद्धि सम्बन्धि तालिम तथा गोष्ठीहरुको आवश्यक्ता रहेको देखिन्छ । विकास निर्माणका क्रियाकलाप शहर केन्द्रित भएको स्थानीयको गुनासो रहेकाले समानुपातिक विकासको अवधारणालाई अवलम्बन गर्नुपर्ने देखिन्छ । टुक्रे योजनाका कारण विकासे क्रियाकलापहरुबाट अपेक्षित उपलब्धि हासिल नभएकोले एकिकृत योजनाहरुमा बजेट खर्च गर्नुपर्ने स्थानीयको माग छ । पर्यटन प्रवद्र्धन तथा स्थानीयको आयआर्जनमा सुधार ल्याउने उद्येश्यले नगरमा कृत्रिम जलाशयहरुको निर्माण गरिएपनि त्यसबाट स्थानीयले अपेक्षित फाईदा लिन सकेका छैनन । ति जलाशयको संरक्षण गर्दे अपेक्षित उद्येश्यहरु हासिल गर्न स्थानीयलाई परिचालित गर्नुपर्ने आवश्यक्तता छ । चक्रपथ निर्माणको कार्य अघि नबढदा स्थानीयलाई जग्गा भोगचलनमा समस्या पर्नुका साथै स्वयम नगरपालिकाले वर्षेनी स्थानीयको गुनासो सुन्नुपरेको छ । यसर्थ नगरपालिकाले चक्रपथ निर्माणको कार्यलाई जति सक्दो चाँडो अघि बढाउनुपर्ने देखिन्छ । साथै नगरपालिकाका सबै क्षेत्रमा गाडी नपुगेकाले स्थानीय यातायातको सुविधाबाट वंचित हुनुपरेको छ । यातायातको व्यवस्थापनका लागी नगरभित्र ‘ नगर यातायात सेवा’ संचालनमा ल्याउनुपर्ने देखिन्छ ।

**अनुगमनका केहि झलकहरु**



गल्ने नगल्ने फोहरमैला व्यवस्थापनका क्रममा प्लाष्टिकजन्य वस्तुलाई तारमा झुण्डाएर राख्ने गरेको



खेर जाने पानीलाई सिंचाईको लागि प्रयोग गरिएको



गक्तैया कृत्रिम जलाशय अवलोकन



करौंते डाँडा ल्याण्डफिल साइटमा फोहरमैला व्यवस्थापनको अवलोकन




खोली गाउँ ना. स. के.संग छलफल



वडा नं ९ स्थित खेलमैदान




वडा नं. ९ स्थित ना. स. के.ले सिकाईका लागि प्रयोग गरेका प्रविधि



वडा नं ७ स्थित मौलाकोट खानेपानी आयोजना अनुगमन टोली



सिंचाईका लागि' वडा नं' ३ स्थित कृत्रिम जलाशयबाट पानी तान्नका लागि प्रयोग भएको जेनेरेटर |



ढिकपुर कृत्रिम जलाशयको एक प्रतिफल तरकारी खेती |



वडा नं ८ ज्यामिरे दह स्थित नागेश्वर गुफा अवलोकनको क्रममा कार्यकारी अधिकृत सहितको टोली |